का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १८, अंक ६४
४ बैशाख २०७७, बिहीबार
16 April 2020, Thursday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेटः बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | १६ जना | १ जना | ६८७१ | ११७ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २० लाख १८ हजार | चार लाख ९२ हजार | एक लाख २८ हजार | १३ लाख ९७ हजार |

समाचार विश्लेषण

# विश्वास जगाउने बेला

**संविधानको कल्पनाअनुसार तीन तहको सरकार मुलुकमा विद्यमान छ । तीन तहको सरकार बनेको तीन वर्षगाँठमा दौडिरहँदा जनजिब्रोमा अहिले पनि हरेक समस्याको जवाफ संघीय सरकारसँग माग्ने प्रवृत्ति कायमै छ । तर, यसपटक भने जनताको आँगनसँग जोडिएको स्थानीय सरकार जनताको भरपर्दो सहजकर्ता बनेको छ भने वडा सदस्यहरूको भूमिका बढी प्रभावकारी देखिएको छ ।**



**दाङको तुलसीपुर उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको क्वारेन्टाइनमा रहेका व्यक्तिको र्‍यापिड टेस्ट गर्दै स्वास्थ्यकर्मी । दाङमा पनि र्‍यापिड टेस्ट गराउन थालिएको छ ।** *तस्वीरः दीपक बोहरा*

**राजनीतिक ब्यूरो/मध्यान्ह**
काठमाडौं, ३ वैशाख

विश्वव्यापी महामारीको रुप लिएको कोरोनाको संक्रमणबाट विश्वभर बुधबार साँझसम्म एक लाख २८ हजारको मृत्यु भएको छ । संसारका लगभग सवैजसो देशमा फैलिएको महामारीबाट बीस लाख बढी मानिस संक्रमित बनेका छन् । त्यस मध्ये चार लाख ९२ हजार बिरामी निको भएका छन् । धेरै बिरामी निको हुनेमा चीन अगाडि छ । ८२ हजार संक्रमित भएकोमा चीनमा ७७ हजार बिरामी निको भ एभने तीन हजारको ज्यान गयो ।

यो महामारीबाट सवैभन्दा बढी अमेरिका र युरोपेली मुलुकहरु प्रभावित बनेको छ । अमेरिकामा मात्रै ६ लाख १४ हजार संक्रमित देखिएका छन् भने २६ हजार बढीको मृत्यु भइसकेको छ । यसपछि युरोपेली मुलुक स्पेनमा एक लाख ७७ हजार संक्रमित भएकोमा १८ हजारको मृत्यु भएको छ भने एक लाख ६२ हजार संक्रमित बनेको इटालीमा २१ हजारको मृत्यु भएको छ । युरोपेली मुलुकहरु फ्रान्स, जर्मनी, बेल्जियम, नेदरल्याण्ड्स लगायतका मुलुक बढी प्रभावित छन् । चीनको वुहानबाट फैलिएको संक्रमणले पश्चिमा मुलुक बढी प्रभावित हुनुमा भने ती मुलुकहरुले सावधानी अपनाउन नसकेको टिप्पणी भइहेको छ । अमेरिकाले त विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले बेलैमा सचेत नगराएको आरोप नै लगाएको छ । तर, यसमा अमेरिकाकै दोष देख्ने पंक्ति बढी देखिदै गएको छ ।

दक्षिणी छिमेक मुलुक भारतमा पनि एघार हजार बढी संक्रमित भइसकेका छन् भने साढे तीन सयको हाराहारीमा ज्यान गुमाउनेको संख्या पुगिसकेको छ । नेपालमा पनि १६ जना संक्रमित देखिएका छन् । दुई विशाल जनसंख्या भएको चीन र भारतको बीचमा रहेको मुलुक नेपाललाई डब्लुएचओले उच्च जोखिमयुक्त मुलुकमा रुपमा लिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार देशबासीको नाममा सम्बोधन गर्दै संक्रमित संख्या रोक्नमा नेपाल सरकार सफल देखिएको टिप्पणी गरेका छन् । यसमा उनले अग्रपंक्तिमा देखिएका स्वास्थ्यकर्मीलाई जस दिएका छन् । त्यसैले नयाँ वर्ष २०७७ को शुभकामना सन्देश अन्तर्गत ताली बजाउन समेत आग्रह गरेका थिए ।

तर, यो महामारी विरुद्ध जुट्ने कार्यमा भने संघीय सरकारले जस्तो दावी गरिरहे पनि र जुन प्रकृतिको आलोचना खेपिरहेको भए पनि सकस भने स्थानीय सरकारलाई परिरहेको छ । संघीय सरकारले चैत ११ गते लकडाउन घोषणा गर्‍यो । तर, यसपछिका हरेक गतिविधिमा प्रदेश सरकारसँगको समन्वयमा स्थानीय सरकार अग्रपंक्तिमा देखिएका छन् । जनताको नजिकका सरकार भएकाले पनि स्थानीय सरकारले क्वारेन्टिन निर्माण, लकडाउनको पालना, आपतकालीन उद्धार र विदेशबाट आएकाहरुको लगत उतार्ने काम उनीहरुकै भागमा परेको छ ।

देशका ठूला निजी अस्पतालले गर्न बाँकी पृष्ठ २ मा

# सीमामा सुरक्षा बढाउन माग

## घुम्ती शिविर नचलाए भयावहः काँग्रेस

**प्रतिपक्षी दल राष्ट्रिय जनता पार्टी (राजपा) ले कोरोना महामारी रोक्न सिमानामा सुरक्षाकर्मी बढाउन माग गरेको छ भने नेपाली काँग्रेसले लकडाउन हुनु अघिल्लो साता दुई लाख मानिस नेपाल भित्रिएकाले घुम्ती शिविर चलाउन माग गरेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ वैशाख

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले कोरोना महामारी रोकथामका लागि घुम्ती शिविर चलाउन माग गरेको छ । बुधबार विज्ञप्ति जारी गर्दै काँग्रेसले कोरोना भाइरसको परीक्षण गर्न घुम्ती शिविर चलाउन माग गरेको छ । लकडाउन शुरु भएको चैत ११ गते भन्दा अघिल्लो साता मात्रै नेपालमा करीब दुई लाख मानिस



नेपाल प्रवेश गरेको र त्यस मध्ये १५ प्रतिशत मात्रै क्वारेन्टिनमा बसेकाले घुम्ती शिविर चलाउन माग गरेको छ । बाँकी पृष्ठ २ मा

# सनसिटीले बढाएको सतर्कता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ वैशाख

काठमाडौंको पेप्सीकोलास्थित सनसिटी अपार्टमेन्टमा बस्ने एक परिवारमा कोरोनाको संक्रमण देखिए पछि उपत्यकामा नमूना परीक्षण गराउने बढेका छन् । सङ्क्रमण देखिएपछि विदेशबाट आएकाहरु आफैं अस्पताल पुगेर नमूना परीक्षण गराउन थालेका हुन् ।

उपत्यकामा अहिलेसम्म पाँच जनामा सङ्क्रमण देखिएको छ । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा.सागर राजभण्डारीले उपत्यकामा मङ्गलबार एकै पटक दुई जनामा सङ्क्रमण देखिएपछि अस्पतालमा आएर परीक्षण गराउनेको सङ्ख्या बढेको बताए । उनका अनुसार पहिले दैनिक १०-१५ जनाको परीक्षण गर्ने टेकु अस्पतालमा अहिले ३० जना आउने गरेका छन् ।

घरबेटी र समुदायले नै विदेशबाट आएका मानिसलाई सङ्क्रमण भए/नभएको रिपोर्ट ल्याउन भनेपछि ती मानिसहरु अहिले टेकुस्थित अस्पतालमा आफैं गएर परीक्षण गराइरहेका छन् । "उपत्यकामा सङ्क्रमित बढेसँगै त्रास भएको छ । अहिले दैनिक ३० जना आफैं अस्पतालमा आएर नमूना परीक्षण गराइरहेका छन्" उनले भने, "विगत एक-डेढ महिनादेखि विदेशबाट आएका धेरै छन् । घरबेटी र समुदायले नै आफूलाई बस्न दिएन भन्दै धेरै मानिस आउन थालेका छन् ।"

अस्पतालले २४ घण्टामा नमूना परीक्षणको रिपोर्ट दिने गरेको छ । टेकु बाँकी पृष्ठ २ मा

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु



ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

कुवेतको एम्नेष्टि सुविधा : जरिवाना मिनाहा, टिकट फ्री

# नेपाली दूतावास भने बेखवर !

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ बैशाख

कुवेत सरकारले छोटो समयका लागि गैरकानूनी (अवैध) रुपमा बसेका आप्रवासी कामदारहरुलाई आममाफी दिई विना जरीवाना आ-आफ्नो मुलुक दिने घोषणा गरेको छ । कोराना भाइरसको संक्रमणबाट जुधिरहेको कुवेतले यही अप्रिल महिनाको ३० तारेखसम्म आवेदन गर्ने अवैध विदेशी कामदारलाई जरीवाना विना नै घर फर्किन दिने निर्णय गरेको हो ।

आफ्नो मुलुकलाई अवैध आप्रवासी कामदार मुक्त गर्ने उद्देश्य लिएको कुवेत सरकारले तोकिएको अवधि भित्र घर फर्किने उद्देश्य सहित सम्पर्कमा आउने विदेशी कामदारलाई घर फर्किने जहाज टिकट समेत उपलब्ध गराउने बताइएको छ ।

कुवेती आवासीय भिसा समाप्त भएको वा एउटा रोजगारदाताबाट भागेर अर्को रोजगारदातासँग काम गरेका कारण भगुवा मुद्दा लागेर गैरकानुनी भएकाहरुलाई कुवेत सरकारले आममाफी दिने निर्णय गरेको हो ।

यसअघि यस्ता कामदारलाई चर्को जरिवाना तिराएर स्वदेश फर्किन वा बैध बनेर काम गर्न दिने गरिएको थियो । तर यस पटक जहाज टिकट समेत दिने व्यवस्था भएको छ । यसलाई कुवेतमा रहेका नेपालीहरुले कुवेत सरकारको उदार नीतिका रुपमा लिएका छन् ।

कुवेतले विभिन्न देशका अवैध आप्रवासी कामदारलाई आवेदन गर्न यही अप्रिलको विभिन्न समय दिएको छ । त्यसमा नेपाली कामदारका लागि अप्रिल २६ देखि ३० तारेखसम्म जम्मा ५ दिनको म्याद दिइएको छ । तर नेपाली दूतावासले बुधबारसम्म औपचारिक सूचना जारी गरि नसकेको बताइएको छ । कतिपयले कुवेत सरकारले अवैध कामदार हरुलाई अवसर दिएको भएपनि नेपाली दूतावासले निष्क्रियता देखाएको गुनासो समेत गरेका छन् ।

गैर अवासीय नेपाली संघ कुवेतका अध्यक्ष सुजन केसीले विश्व नै कोरोना भाइरसको मारमा परेको अवस्थामा कुवेत सरकारले अवैध आप्रवासी कामदारहरुलाई प्रदान गरेको एम्नेष्टिको दुर्लभ अवसरबाट लाभ लिने वातावरण निर्माण गर्न नेपाली दूतावासको ध्यानकर्षण गराएको बताएका छन् ।


खासगरी विगतमा विभिन्न कारणले रोजगारी गुमाएका, घर फर्किने तयारी गर्दागर्दै कुवेतले गरेको आवागमन प्रतिवन्धका कारण भिसा सकिएका कामदारले एम्नेष्टीबाट लाभ पाउने बताइएको छ ।

एनआरएनए कुवेतले नेपाली कामदारले आफुसँग राहदानी नभएमा आफू नेपाली नागरिक हो भन्ने प्रमाण पुग्ने कागजात र ४ प्रति फोटो लिएर तयारी अवस्थामा बस्न आग्रह गरेको छ । आवदेन दिने अवैध आप्रवासी कामदारलाई औपचारिक प्रकृयाका लागि केही समय डिटेन्सन सेन्टरमा राखिने छ । अवैध कामदारहरुलाई घर फर्किने क्रममा १५ किलो भन्दाबढी तौल नबोक्न समेत आग्रह गरिएको छ ।

हाल कुवेतमा रहेका एक व्यवसायी आरभ ग्लोबल रिक्रुटमेन्ट प्रा.लि.का बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## द रिभरद्वारा ५ लाख सहयोग



**काठमाडौं/मस–** राजधानीको बत्तिसपुतलीस्थित दि रिभर ओभरसीज प्रा.लि.ले कोरोना भाइरस (कोभिड १९) महामारीको रोकथाम तथा नियन्त्रणका निम्ति नेपाल सरकारले स्थापना गरेको कोषमा ५ लाख १ हजार १ सय एकाउन्न रुपैयाँ सहयोग गरेको छ । सो रकम बुधबार राष्ट्रिय वाणिज्य बैंकमा रहेको उक्त कोषको खातामा प्रा.लि.का तर्फबाट जम्मा गरिएको हो ।

दि रिभर ओभरसीज प्रा.लि नेपालको वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था हो । उक्त म्यानपावर कम्पनी केही वर्षयता निरन्तर रुपमा वैदेशिक रोजगारमा धेरै कामदार पठाउने संस्थाका बाँकी पृष्ठ २ मा

# के हो पीसीआर र र्‍यापिड टेस्ट ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ बैशाख




कोभिड १९ अर्थात कोरोना भाइरसको संक्रमण बढ्दै जाँदा परीक्षणका विधि पनि विस्तारित र विविध बन्दै गएका छन् । अहिले पीसीआर र आरडीटी दुई विधिबाट कोरोना भइरसको परीक्षणलाई तीब्र बनाइएको छ । आखिर यो कस्तो विधि हो र फरक के छ त ?

कुनै व्यक्तिमा कोरोना भाइरस संक्रमण छ या छैन भन्ने थाहा पाउन नेपालमा दुई विधि अपनाउँदै आइएको छ । नेपालमा चीनबाट आएका एक व्यक्तिमा कोरोना संक्रमण देखिए पछि माघ १० गतेदेखि पीसीआर विधिबाट कोरोना परीक्षण शुरु गरिएको थियो । यो परीक्षण विधि विश्व मान्यता प्राप्त परीक्षण विधि हो । पीसीआर विधिबाट गरिने परीक्षण लामो भएका कारण यसमा समय धेरै लाग्छ । साधारणतया यो विधिबाट रिपोर्ट आउन २४ देखि ७२ घन्टा लाग्न सक्छ ।

पीसीआर विधिमा जुन नमुना संलग्न गरिएको छ त्यो नमुनामा भाइरसको जीनको टुक्रा छ कि छैन भनेर परीक्षण गरिन्छ । यसरी गरिएको नमुनामा जीनको टुक्रा छ भने त्यो ठाउँमा भाइरस बसेको छ भन्ने प्रमाणित हुन्छ ।

र्‍यापिड टेष्टबाट गरिने परीक्षण विधि सरल र समय कम लाग्छ । यो विधिबाट संक्रमण भए नभएको पत्ता लगाउन धेरै विज्ञताको आवश्यकता पनि पर्दैन । यो विधिबाट संक्रमण भए नभएको जाँच गर्न मात्र १५ देखि २० मिनेट लाग्छ । तर यो शतप्रतिशत विश्वसनिय भने हुँदैन ।

विभिन्न मुलुकहरुले पीसीआर परीक्षणका लागि आ-आफ्नो मापदण्ड तोकेका छन् । नेपालको पनि आफ्नै मापदण्ड रहेको छ । कुनै पनि मुलुकले सबै संख्यामा पीसीआर परीक्षण गर्नुपर्छ भनेर मापदण्ड तोकेका भने छैनन् । नेपालमा पनि ट्राभल हिस्ट्रीका आधारमा पीसीसार विधिबाट कोरोना परीक्षण गर्ने तथा र्‍यापिट टेस्ट कीटबाट पोजेटिभ देखिएको व्यक्तिको पुनः परीक्षण गर्नका लागि प्रयोग हुँदै आएको छ ।

कोरोना भाइरसको मानिसको शरीरमा प्रवेश गरेको अवस्थामा व्यक्तिको शरीरमा दुई वटा एन्टिबडी बन्छ । शुरुमा बन्ने भनेको आईजीएम (इम्युनोग्लोबिन एम) र त्यसपछि आईजीजी (इम्युनोग्लोबिन जी) हो । आईजीएम रोग लागिसकेपछि तीनदेखि ५ दिनमा वा समान्यतया एक सातामा देखिन थाल्छ ।

यो व्यक्तिअनुसार फरक हुन्छ । आईजीएम झण्डै दुई तीन साता शरीरमा रहन सक्छ । एक महिनासम्ममा आईजीएम नेगेटिभ हुन्छ भने आईजीजी लामो समयसम्म पनि शरीरमा रहिरहन्छ । भर्खरै मानिसको शरीरमा यो भाइरस प्रवेश भए र्‍यापिड टेस्ट किटबाट जाँच गर्दा संक्रमण देखाउँदैन । तर पीसीआरबाट परीक्षण गर्दा कोरोना पोजेटिभ देखिन्छ ।

कोरोना संक्रमण भएको एक सातापछि पीसीआर मेसिनबाट परीक्षणमा कोरोना पोजेटिभ आउँछ भने र्‍यापिडमा पनि पोजेटिभ देखिने हुन्छ । दुवै परीक्षणमा कोरोना संक्रमण देखिन्छ । त्यसैगरी, तीन चार सातापछि कोरोना भाइरस शरीरबाट हराइसकेको अवस्थामा पीसीआरमा टेस्ट गर्दा भाइसको रिर्पोट नेगेटिभ देखिन सक्छ भने र्‍यापिड टेस्टमा भाइरस पोजेटिभ देखिन सक्छ ।

# तिर्थयात्रामा आएर फसेका भारतीयलाई मौलाना मशहुद नेपालीद्वारा राहत सहयोग वितरण

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ३ बैशाख



कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं. १ मा फसेका भारतीय तिर्थयात्रीहलाई राहत सामग्री वितरण गरिएको छ । कोराना भाइरस विश्वभरमा महामारीको रुपमा फैलिएका कारणले नेपाल भारत लगायत अन्य देशहरुमा पनि लाकडाउन रहेको अवस्था छ ।

भारत उत्तर प्रदेश बलरामपुर जिल्ला घर भएका ३६ जना तिर्थयात्रीहरु नेपालको त्रिवेणी धाममा तिर्थयात्रामा आएका थिए । आफ्नो देशमा फर्कने क्रममा कोरोना भाइरसको कारणले नेपाल भारत दुबै देशमा लाकडाउन भइ सीमा नाकाहरुसमेत सिल भएपछि तिर्थयात्रीहरु कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं. १ सेमरामा दुइ हप्ता देखि फसेका हुन् ।

उक्त बिषयको जानकारी पाए पश्चात प्रदेश नं.५ मदरसा बोर्डका उपाध्यक्ष मौलाना मसहूद खाँ नेपालीले मंगलबार आफ्नो सहयोगी राष्ट्रिय मदरसा संघ नेपालका राष्ट्रिय अध्यक्ष डाक्टर अब्दुल गनी अलकुफी, हेरा शैक्षिक तथा मानवीय सेवा समाजका महासचिव शैख जैस मक्की, सम्बन्धित वडा अध्यक्ष टुंगनाथ चौधरी तथा पत्रकार हरुको साथ तिर्थयात्रीहरु रहेका स्थलमा पुगेर ७० केजी चामल, २५ केदी दाल, २५ केजा पिठो, २५ केजी आलू, खाने तेल, नून लगायतका समाग्रीहरु उपलब्ध गराएका हुन् ।

सो अवसरमा खाँ नेपालीले आफूहरु जाति धर्म हेरेर नभई वास्तविक पीडितको आधारमा राहत दिदै आएको बताए । 'भारतीय तिर्थयात्री नेपालमा फसेको देख्दा मलाई निकै दुख लागेको छ 'मदरसा बोर्ड उपाध्यक्ष खाँ नेपालीले भने, 'दुई देशबीच मित्रतासमेत कायम रहेकोले हाम्रो कर्तव्य उहाहरुलाई सक्दो सहयोग गर्ने समेत रहेको छ ।'

सो अवसरमा राष्ट्रिय मदरसा संघ नेपालका राष्ट्रिय अध्यक्ष डाक्टर अब्दुल गनी अलकुफीले गरिब असहायलाई राहत दिनु नै मानवीय कार्य रहेको र आफूहरुले सधै सकेसम्म गरिब असहाय र समस्यामा परेकालाई सहयोग गर्ने बताए । उक्त राहत प्रदेश नं.५ मदरसा बोर्डको आयोजना र हेरा शैक्षिक तथा मानवीय सेवा समाजको सहयोगमा वितरण गरिएको हो ।

# सुर्खेतमा लकडाउन उल्लंघन गर्ने २६१ सवारी साधन नियन्त्रणमा




**भिमप्रसाद शर्मा/मध्यान्ह**
सुर्खेत, ३ बैशाख

कोभिड १९ (कोरोना भाइरस) रोगथामका लागी नेपाल सरकारलद्धारा गत चैत ११ गतेदेखि लागू गरिएको लकडाउन शुरु भए यता सुर्खेतमा हाल सम्मको अवधिमा २ सय ६१ वटा मोटरसाइकल लगायत अन्य गाडीहरू नियन्त्रणमा लिइएको छ । लकडाउन उल्लंघन गरेको आरोपमा ती सवारी साधनहरुलाई सुर्खेत प्रहरीले नियन्त्रणमा लिएर कारवाही गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी निरीक्षक एवम सूचना अधिकारी गोपाल रायमाझीले यस्तो अवस्थामा पनि अटेर गर्नेका साधन नियन्त्रणमा लिई जिल्ला प्रहरीमा कार्यालमा सुरक्षित तरिकाले राखिएको जानकारी दिए । नियन्त्रणमा लिइएका सवारी साधनहरु लकडाउन पश्चातमात्र सवारी धनीलाई दिइने पनि प्रहरी निरीक्षक रायमाझीले मध्यान्हलाई बताए ।

# सीमा नाकामा शसस्त्र प्रहरीको कडाई

**सहबान अन्सारी/मध्यान्ह**
नवलपराली, ३ बैशाख

नवलपरासीमा लकडाउनको समयमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले सीमा नाकामा उच्च निगरानी बढाएको छ । यतिबेला सीमा क्षेत्रका दुबै देशको नागरिकहरुलाई आवतजावतमा पूर्णरुपमा रोक लगाइएको छ ।

नवलपरासी जिल्ला छिमेकी राष्ट्र भारतसँग जोडिएको करिब ३१ किलोमिटरको नाकामा ठाउँ ठाउँमा पाल टाँगेर अस्थाई पोष्ट स्थापना गरी ब्यापकरुपमा सुरक्षाकर्मी परिचालन गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका गर्दै यति बेला देश जोगाउनको लागि बैशाखको चर्को घामको सामना गर्दै सुरक्षाकर्मीहरु दिन रात खटिएको पाइएको छ ।

भारतबाट कोरोना भाइरस संक्रमित व्यक्ति नेपाल छिर्न नपाउन् भनेर उनीहरु सीमामा आफ्नै स्वास्थ्य अवस्थाको पर्वाह नगरी नवलपरासीलाई सुरक्षित राख्न अहोरात्र सीमामा खटिएको सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीका सशस्त्र प्रहरी निरीक्षक सुमन अधिकारीले बताए ।

बोर्डर आउटपोष्ट गुठी परसौनीको मातहतमा करिब १०.३ किलोमिटरको सीमामा सयौं सुरक्षाकर्मी परिचालन गरी विशेष निगरानी बढाउनुको साथै लकडाउनको अवज्ञा गर्ने दुबै देशका मानिसहरुलाई कडाई गरी सीमा नाका ठप्प पारिएको अधिकारीले बताए ।

# सञ्चारकर्मीको पारिश्रमिक तत्काल उपलब्ध गराऊ : महासंघ




**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले सञ्चारकर्मीहरुलाई सञ्चार प्रतिष्ठानहरुले समयमा पारिश्रमिक उपलब्ध नगराएको प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । बुधबार महासंघका महासचिव रमेश विष्टले एक विज्ञप्ति जारी गर्दै कोभिड १९ को जोखिम मोलेर जनतालाई सूसुचित गर्न क्रियाशील सञ्चारकर्मीहरुलाई सञ्चार प्रतिष्ठानहरुले समयमा पारिश्रमिक उपलब्ध नगराउने, जागिरबाट हटाउने र न्यूनतम सेवा सुविधाबाट समेत बञ्चित गरिएको प्रति महासंघको ध्यानाकर्षण भएको जनाएका हुन् ।

लकडाउनभन्दा अघिको बाँकी पारिश्रमिक र लकडाउन अवधिको पारिश्रमिकसमेत उपलब्ध नगराउँदा श्रमजीवी पत्रकारहरु गम्भीर आर्थिक समस्या झेल्न बाध्य भएको जनाउँदै महासंघले कोरोना संक्रमणले मानवीय संकट गहिरिदै जाँदा श्रमजीवी पत्रकारहरुको बक्यौता र पछिल्लो महिनाको पारिश्रमिक उपलब्ध गराउन माग गरेको छ ।

साथै महासंघले विज्ञप्तिमार्फत श्रमजीवी पत्रकारलाई कामबाट हटाउने कार्य तत्काल रोक्न समेत सञ्चारगृहसँग माग गरेको छ । श्रमजीवी पत्रकारको पारिश्रमिक रोके वा कामबाट हटाउने कार्य तत्काल नरोके श्रमजीवी पत्रकारको पेशागत हक र अधिकार स्थापित गर्न कानूनीलगायत सबै प्रकारको संघर्षमा जाने समेत महासंघले जनाएको छ ।

महासचिव विष्टद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'महासंघ श्रमजीवी पत्रकारलाई कामबाट हटाउने कार्य तत्काल रोक्न र पारिश्रमिक नपाएका पत्रकारहरुलाई पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित सञ्चारगृहसँग माग गर्दछ । अन्यथा, श्रमजीवी पत्रकारको पेशागत हक र अधिकार स्थापित गर्न महासंघ कानूनीलगायत सबै प्रकारको संघर्षमा जाने प्रष्ट पार्न चाहान्छ ।'

त्यस्तै महासंघले अहिलेको संकटपूर्ण अवस्थामा स्वास्थ्यकर्मी र सुरक्षाकर्मी जस्तै जोखिम मोलेर जनतालाई सुसुचित गर्न अहोरात्र क्रियाशील सञ्चारकर्मी र सञ्चार गृहहरुका लागि तत्काल राहत र सहुलियत प्रदान गर्न समेत माग गरेको छ ।

यस्तै, महासंघका सदस्य तथा नागरिक दैनिकका पत्रकार दिलिप पौडेललाई प्रकाशित समाचारको विषयलाई लिएर कीर्तिपुर निवासी महेशराज महर्जनसहितका व्यक्तिले सामाजिक सञ्जाल र फोनबाट धम्की दिएको घटनाप्रति ध्यानाकर्षण भएको महासंघले जनाएको छ ।

वैशाख २ गते नागरिक दैनिकमा प्रकाशित 'कोरोनाको बहान बनाएर ९ महिनाको गर्भवती डेरा निकाला' शीर्षक समाचारलाई लिएर महर्जनसहितका व्यक्तिले सामाजिक सञ्जालमार्फत अनेक किसिमका गालीगलौजको शब्द प्रयोग गर्ने तथा फोनबाट पत्रकार पौडेललाई धम्क्याएका थिए ।

प्रकाशित समाचारप्रति चित्त नबुझे त्यसको कानुनी उपचार खोज्ने विकल्प रहेको जनाउँदै महासंघले यस किसिमले पत्रकारलाई धम्क्याउनु प्रेस स्वतन्त्रताविरुद्ध भएको जनाएको छ । महासंघले उक्त घटनामा संलग्न महर्जनसहितका व्यक्तिको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन र पत्रकारको सुरक्षामा ध्यान दिन स्थानीय प्रशासनसँग माग गरेको छ ।

## विश्वास...

नमानिरहेको उपचारमा स्थानीय सरकारले दबाव दिइरहेका छन् । ज्यालादारी मजदुरी गर्नेहरुको बिचल्लीमा पनि उनीहरुकै साथ भरपर्दो देखिन्छ । संघीय सरकारसँग त्यस्ता असंगठित तर, कमजोर आय भएका नागरिकको तथ्याङ्क समेत छैन । तर, त्यस्ता नागरिकको रेखदेखमा पालिका प्रमुख, वडाध्यक्ष देखि वडा सदस्य समेत खटिएका छन् ।

स्थानीय सरकारलाई अहिले नै पूरापुर जस दिइहाल्ने अवस्था बनिसकेको छैन । किनभने, खतरा टरेको छैन, यसबाट पर्ने दीर्घकालीन संकट सामना गर्नु त छदैछ । तर, आफ्नो घरटोलमा के भइरहेको छ ? कसरी जोगाउने भन्ने चिन्ता वडा सदस्यमा बढी देखिएको छ । भनिन्छ- हरेक समस्याले नयाँ अवसर समेत सिर्जना गर्दछ । संभवतः यसपटकको गर्नेपर्ने काम र संविधानको कार्यान्वयन समेत हुने भएकाले वडा सदस्यलाई बलियो बनाउनेगरी सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गर्नुपर्नेछ । संविधानले त्यसै पनि सिंहदरबारलाई समन्वयकारी भूमिकामा राखेको छ । जनताका आधारभूत आवश्यकता हल गर्नेदेखि 'खुशी नेपाली, समृद्ध नेपाल' को नारा सार्थक तुल्याउन पनि जनताको नजिक रहेको स्थानीय तह बलियो बनाउनुपनेर्छ ।

विशेषगरी अहिलेको यो महामारी रोकथामका लागि वडा सदस्यहरुको भूमिका अझै सकिएको छैन र उनीहरुले प्रमाणित पनि गर्नुपर्नेछ- जननिर्वाचित सरकार, जनताकै आँगनमा छ ।

## सीमामा...

"बाहिरबाट आएर गाउँमा छिरिएका कोही कसैमा लक्षण नदेखिने एसिम्टोम्याटिक रहेछ भने भयावह स्थिति निर्माण हुनसक्छ", विज्ञप्तिमा उल्लेख छ । त्यसका लागि घुम्ती शिविर चलाउन आवश्यक रहेको प्रवक्ता विश्वप्रकाश शर्माले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । "काँग्रेस गाउँ तहसम्म घुम्ति परीक्षण शिविर चलाउने तयारी गर्न तीन वटै तहका सरकारलाई अपिल गर्दछ", प्रवक्ता शर्माले जारी विज्ञप्तिमा उल्लेख छ । बुधबार नै अर्का प्रतिपक्ष दल राष्ट्रिय जनता पार्टी (राजपा) ले विज्ञप्ति जारी गर्दै सीमा नाकाबाट कोरोना संक्रमणको खतरा बढेको भन्दै थप सुरक्षाकर्मी परिचालन गरेर निगरानी बढाउन माग गरेको छ ।

राजपाका संयोजक शरदसिंह भण्डारीले जारी गरेको विज्ञप्तिमा महामारीको रुपमा लिएको कोरोनाको संक्रमण रोक्न नाकामा कडाइ गर्न सरकारसँग माग गरिएको छ । तर, भारतको नाम भने उल्लेख गरिएको छैन । भारतमा बुधबार साँझसम्म एघार हजार बढीमा संक्रमण फैलिएको छ भने झण्डै साढे तीन सयको मृत्यु भइसकेको छ ।

नेपालसँग सीमा जोडिएका उत्तर प्रदेश र बिहारमा समेत कोरोनाको संक्रमण देखिएको छ । भारत सरकारले वैशाख २१ गतेसम्म लकडाउन घोषणा गरेको छ भने नेपाल सरकारले वैशाख १५ गतेसम्म लकडाउन घोषणा गरेको छ । तर पनि संक्रमण नेपालतर्फ फैलने संभावना भएको भन्दै राजपाले सिमानामा थप सुरक्षाकर्मी खटाउन माग गरेको छ ।

"छिमेकी मुलुकहरुमा कोरोना भाइरसको संक्रमण तीव्र गतिमा बढिरहेकाले खुला सिमानामा अझ निगरानी बढाउनुपर्ने भएकाले व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरी आवात-जावातलाई कडाइका साथ रोक्नुपर्छ", संयोजक भण्डारीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । राजपाले राजधानी उपत्यकाबाट नागरिक बाहिरिएपछि कतिपय स्थानमा झडपको अवस्था समेत सिर्जना भएकाले सरकारलाई यसतर्फ गम्भीर हुन आग्रह गरेको छ । भारतसँग सीमा विवाद, उसले खडा गरेको बाँधका कारण तराईका क्षेत्रमा हुने डुवान लगायतमा मौनता साधेको आरोप खेप्दै आएको राजपाले महामारीका बेला भने सीमा कडाइ गर्न माग गरेको छ ।

राजपाले लकडाउनपछि उपत्यका लगायत देशका विभिन्न भागमा अलपत्र परेका मानिसहरुलाई उद्धार गर्न पनि सरकारसँग माग गरेको छ । त्यस्ता नागरिकका लागि सम्बन्धित वडाबाट तत्काल राहतको व्यवस्था मिलाउन पनि माग गएिको छ । राजपाले स्वास्थ्यकर्मीहरुलाई आवश्यक पर्ने स्वास्थ्य सामग्री तत्काल उपलब्ध गराउन पनि माग गरेको छ ।

## सनसिटीले...

अस्पतालले सङ्क्रमण देखिन थालेपछि आइसोलेशनको र सघन उपचार कक्षको वृद्धि गरेको छ । अहिले २५ आइसोलेशन र २० सघन उपचारकक्ष तयार गर्ने कार्य भइरहेको अस्पतालका निर्देशक डा राजभण्डारीले बताए । पहिलो पटक माघ ९ गते चीनको वुहानबाट आएका एक विद्यार्थीमा सङ्क्रमण देखिएको थियो भने त्यसयता चैत १० गते फ्रान्सबाट आएकी १९ वर्षीया युवतीमा दोस्रो सङ्क्रमण देखिएको थियो । त्यस्तै चैत १२ गते पुनः एक जनामा कोभिड पोजेटिभ देखिएको थियो भने मंगलबार काठमाडौंको पेप्सीकोलास्थित सनसिटी अपार्टमेन्टमा बसोबास गरिरहेका ८१ वर्षीय महिला र अर्का ५८ वर्षीय पुरुषमा सङ्क्रमण देखिएको हो ।

मङ्गलबार सङ्क्रमण देखिएको ललितपुरस्थित पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र अन्य दुई जनाको टेकु अस्पतलाको आइसोलेशनमा उपचार भइरहेको छ । अहिले नेपालमा १६ जनामा सङ्क्रमण देखिएको छ । कैलालीमा चार, कञ्चनपुरमा एक, वागलुङ्मा दुई, काठमाडौंमा पाँच, पर्सामा तीन र रौतहटमा एक जना सङ्क्रमित फेला परेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिर अधिकारीले उपत्यकामा नमूना परीक्षणको दायरा बढाइरहेको बताए । उनले मङ्गलबार सङ्क्रमित देखिएका स्थानमा एक हजार ७०० को परीक्षण गरिने जानकारी दिए । मन्त्रालयका अनुसार मङ्गबारसम्म रियल टाइम पोलिमरेज चेन्ज रियाक्सन (पीसीआर) र र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडीटी) गरी दुवै विधिबाट अहिलेसम्म १२ हजार ९०६ जनाको परीक्षण गरिएको छ ।

परीक्षणको दायरा बढाउनका लागि अहिले उपत्यकामा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु अस्पताल र वीर अस्पतालमा पनि पीसीआरबाट परीक्षण गरिएको छ । इपिडिमोलोजी तथा सरुवा नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले उपत्यकामा पनि स्थानीय तहसँगको समन्वयमा विदेशबाट आएका व्यक्तिको परीक्षण गरिरहेको बताए । उनले मङ्गलबार देखिएका दुई जनाको आफन्त र नातेदारमा पीसीआर र अपार्टमेन्टमा बस्ने अन्यलाई आरडीटी विधिबाट परीक्षण शुरु गरिसकेको जानकारी दिए । मङ्गलबारमात्र उपत्यकामा पीसीआरबाट ३८७ जनाको परीक्षण गरिएको छ ।

## कुवेतको ...

सञ्चालक राजेन्द्र सिंह भण्डारीले कुवेतमा वैधानिक रुपमा रहेका लाखौं कामदारले समेत रोजगारी गुमाइरहेको अहिलेको अवस्थामा अवैधानिक कामदार फेरी कुवेतमै लुक्न खोज्नु मुर्खता हुने बताए । बुधबार साँझ मध्यान्हसँग टेलिफोनमा कुरा गर्दै भण्डारीले भने, 'भविष्यमा नेपाल आफैंले चर्को मूल्य तिरेर कुवेतबाट कामदार फिर्ता ल्याउनुपर्ने अवस्था नआउला भन्न सकिँदैन या यहाँ अवैध रहेका हजारौं नेपालीले सजायबापत चर्को जरिवाना पनि बुझाउनुपर्ने हुन सक्छ । अहिले कुवेत सरकारले आफ्नो देशमा जान चहाने कामदारलाई जरिवाना मिनाहा मात्र होइन, हवाई टिकटसमेतको सुविधा दिएको छ । यसर्थ यहाँ रहेको नेपाली दूतावास र नेपाल सरकारले यसबारे अविलम्व निर्णय गरी नेपाली फर्काउने प्रवन्ध गर्नु बुद्धिमानी हुने छ ।'

## द रिभरद्वारा...

रुपमा रहेको छ । प्रा.लि.का अध्यक्ष रघुनाथ पुरीले कोरोना भाइरसको बढ्दो संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले चालेका कदमहरुलाई बल पुर्‍याउन उक्त सहयोग गरिएको जानकारी दिए ।

दि रिभर ओभरसीजले वैदेशिक रोजगारीका क्रममा अंगभंग हुने कामदारका आश्रित परिवार बालबच्चाको शिक्षा दिक्षाका लागि समेत विगतमा विभिन्न सहयोग गर्दै आएको छ ।

अध्यक्ष पुरीले विश्वव्यापी महामारीका रुपमा रहेको कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा प्रभावितहरुको उपचारका लागि निजी क्षेत्रबाट समेत आफ्नो क्षमता अनुसार सहयोग गर्नुपर्छ भन्ने भावनाले सहयोग गरेको बताए ।

यसअघि दि रिभर ओभरसिज अध्यक्ष पुरी अध्यक्ष रहेको 'द रिभर फाउन्डेशन'ले मोरङको बेलबारी नगरपालिकाको विपद व्यवस्थापन कोषलाई १ लाख १ हजार १ सय ५ रुपैयाँ सहयोग गरेको थियो ।


**समुह बाहिर काठ बिक्री सम्बन्धी सूचना**

यस सामुदायिक बनबाट उत्पादन भैइ विभिन्न समुहमा ग्रेडिङ गरि घाट्गद्दीमा संकलन गरिएको साल जातको गोलिया थान १६ को १४४.०२ क्युफिट साज गोलिया थान ६ को १६१.७४ क्युफिट खयर थान ५९४ को ६६० क्युफिट काठ ०७६/०७७ को लागि बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकोले काठ जे जो अबस्थामा छ सोहि अबस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्रि समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति संघ सस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पुर्ण ब्यहोराको सूचना समुहको सूचना पार्टीमा टास गरिएको छ ।

**जाल्मे सामुदायिक बन उपभोक्ता समुह**
**रौतामाइ गाउँपालिका वडा न ७**



**पञ्चपुरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**आशय पत्र सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०७७।०१।०४

यस नगरपालिकाबाट मिति २०७६ साल माघ १२ गते राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार आ.ब. २०७६/०७७ को बाबियाचौर बजार सडक कालोपत्रे कार्यको बोलपत्र आब्हान (सूचना नं.र ठेक्का नं. PM/SKT/NCB/ROAD/076/077-06) बमोजिम कालोपत्रे कार्यका लागि तपशिल बमोजिमको बोलपत्रदाताको तपसिलको आर्थिक प्रस्तावको कबोल अंक न्युनतम मुल्यांकित भई सारभुत रुपमा प्रभाग्राही रहेको भनि मुल्यांङ्कन समितिबाट छनोट भएको हुदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ बमोजिम बोलपत्र स्वीकृतीको आशयको प्रयोजनार्थ सरोकारवाला सबैको जानकारीका लागि यो १५(पन्ध्र) दिने सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| बोलपत्र दाताको नाम | ठेगाना | कबोल अंक कर बाहेक | कार्य सम्पादन जमानत रकम |
|---|---|---|---|
| हाम्रो-पन्त जे.भि. | बिरेन्द्रनगर, सुर्खेत | २,१२,७४,१९८/१० (दुई करोड बाह्र लाख चौरहत्तर हजार एक सय अन्ठानब्बे रुपैया दश पैसा मात्र ।) | १२,०१,९९३/- (बाह्र लाख एक हजार नौ सय त्रियानब्बे मात्र ।) |

प्रमुख प्रशासकीय अधिकृत

# टी २० मा डकआउट हुने नेपाली खेलाडी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ बैशाख




नेपाली राष्ट्रिय क्रिकेट टिमले अहिलेसम्म ३५ वटा टी २० अन्तराष्ट्रिय खेल खेलेको छ। जसमा अहिलेसम्म नेपालका १६ जना खेलाडीहरु डक आउट भएका छन्।

आठ जना एक पटक डकआउट भएका छन भने पाँच जना दुई पटक र दुई जना तीन पटक डकआउट भएका छन् । नेपाली क्रिकेट खेलाडीमा सबै भन्दा धेरै पटक डकआउट हुने खेलाडीमा प्रदीप ऐरी छन् । उनी चार पटक डकआउट भएका छन् ।

नेपालले अहिलेसम्म २०१४ बाट जति पनि टी २० खेल खेल्यो त्यसमा ज्ञानेन्द्र मल्लले २७ खेल खेलका छन । त्यसमा उनले ५६६ रन बनाएका छन् । उनले एउटा शतक र एउटा अर्धशतक बनाएका छन् । त्यसमा उनी एक पटक डकआउट भएका छन् ।

यस्तै विनोद भण्डारीले ३० खेल खेल्दा तीन सय चार रन बनाएका छन् । जसमा दुई अर्धशतक रहेका छन् । उनी पनि एक पटक डकआउट भएका छन्। डकआउट एक पटक हुने खेलाडीको सूचीमा सोमपाल कामी, बसन्त रेग्मी, राजेश पुलामी, सन्दिप जोरा, कुशल मल्ल र नरेश बुढाऐर रहेका छन् ।

यस्तै करियरमा दुई पटक डकआउट हुने खेलाडीमा करण केसी, सन्दिप लामिछाने, अभिनाश बोहोरा, शक्ति गौचन, सुसन भारी रहेका छन्। करणले अहिलेसम्म २८ खेल खेलेका छन्। जसमा उनले १८ इनिङमा एक सय ८२ रन बनाएका छन् । तर दुई पटक डकआउट भएका छन्। यस्तै सन्दिप लामिछाने पनि २०१८ देखि २०२० सम्म २० टी २० खेल खेलेका छन् । जसमा उनी दुई पटक डकआउट भएका छन् । अभिनाश बोहोरा, शक्ति गौचन, सुसन भारी पनि दुई दुई पटक डकआउट भएका छन् ।

टी २० मा तीन पटक डकआउट हुने खेलाडी पवन सराफ र पारस खड्का रहेका छन्। पारस २०१४ देखि अहिलेसम्म ३३ खेलमा ३२ इनिङ खेलेका छन् । जसमा उनले सात सय ९९ रन बनाएका छन्। उनको उच्च स्कोर एक सय ६ रन रहेको छ । उनले टी २० मा एक शतक र चार अर्धशतक बनाएका छन्। तर उनी तीन पटक डकआउट भएका छन् ।

यस्तै पवन सराफ २०१९ बाट सिनियर टिममा रहेका छन्। उनले १२ खेलमा ११ इनिङमा एक सय चार रन बनाएका छन्। उनी तीन पटक डकआउट भएका छन् ।

नेपालका लागि टी २० खेलमा धेरैपटक डकआउट हुने खेलाडीको सूचीमा शीर्ष स्थानमा रहेका खेलाडी हुन प्रदीप ऐरी। उनले ११ खेल खेल्दा चार पटक डकआउट भएका छन्। जसमा उनले ८७ रन बनाएका छन्।

*–एजेन्सीको सहयोगमा*

# सहायता रोक्ने ट्रम्प निर्णयको कडा आलोचना



**वासिङ्टन डिसी, एजेन्सी-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) लाई दिँदै आएको रकम रोक्ने घोषणाको संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले असन्तुष्टि जनाएका छन् । उनले कोभिड-१९ सँग लडिरहेको यो समय लब्लुएचओलाई दिँदै आएको रकम कटौती गर्ने समय नभएको बताएका छन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पले कोरोना भाइरसको प्रसार कम गर्न गम्भीर गल्ती गरेको तथा जानकारी लुकाएको आरोप लगाउँदै डब्लुएचओलाई दिँदै आएको आर्थिक सहायता बन्द गरेको घोषणा गरेका थिए । महामारीको समयमा डब्लुएचओको भूमिकाको समर्थन गर्दै महासचिव गुटेरेसले संकटबाट निस्कनका लागि सबैले आफ्नो ठाउँबाट खेल्ने भूमिका बहन गर्नुपर्ने बताए ।

उनले भनेका छन्, 'जस्तो कि यो समय ठीक छैन । यो समय भाइरसलाई हराउने समय भाइरसलाई हराउनका लागि विश्व स्वास्थ्य संगठन या कुनै मानवीय संगठनको अभियानका लागि संसाधन कम गर्ने समय पनि होइन ।'

यस्तै,अमेरिकी अर्बपति बिल गेट्सले विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) लाई दिँदै आएको रकम रोक्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयको कडा आलोचना गरेका छन् । माइक्रोसफ्टका सहसंस्थापक बिल गेट्स र उनकी पत्नी मिलिन्डा गेट्सले विश्व स्वास्थ्य संगठनलाई दिँदै आएको रकम रोक्ने ट्रम्पको आदेश 'खतरनाक' भएको टिप्पणी गरेका छन् । उनले यो निर्णय सुन्दा आफूलाई आश्चर्य र डर लागेको भन्दै सुनेजस्तै निर्णय खतरनाक भएको बताए । उनले ट्विटरमा लेखेका छन्, 'विश्व स्वास्थ्य संगठनको अहिले सबैभन्दा बढी आवश्यकता छ ।' बिल गेट्स र पत्नी मेलिन्डा गेट्सको नाममा स्थापित बिल-मेलिन्डा फाउन्डेसन डब्लूएचओको सबैभन्दा ठूलो रकम दिने संस्थामध्ये एक हो ।

मंगलबारको प्रेस ब्रिफिङमा अमेरिकी राष्ट्रपति ट्रम्पले विश्व स्वास्थ्य संगठनलाई दिइरहेको आर्थिक सहायता रोक्न आफ्नो प्रशासनलाई निर्देशन दिइसकेको बताएका थिए ।

चीनमा कोरोनाभाइरस फैलिएको सूचनाको बारेमा ढाकछोप गरेको तथा कोरोना नियन्त्रणमा प्रभावकारी कार्य गर्न नसकेको भन्दै राष्ट्रपति ट्रम्पले यस्तो आदेश दिएको दावी गरे ।

राष्ट्रपति ट्रम्पले भने, "विश्व स्वास्थ्य संगठनलाई दिइआएको आर्थिक सहायता रोक्न मैले आजै प्रशासनलाई निर्देशन दिइसकेको छु। हामी यो रकम स्वास्थ्य क्षेत्रमा सोझै लगानी गर्नेछौं ।"

राष्ट्रपति ट्रम्पले कोरोनाभाइरसका सम्बन्धमा ठोस योजना बनाउनु अघि नै विश्व स्वास्थ्य संगठनलाई यस महामारीले निम्त्याउने भयावह अवस्थाका बारेमा जानकारी रहेको दाबी गरे ।

कोरोनाभाइरसका कारण अहिले संयुक्तराज्य अमेरिका सबैभन्दा बढी प्रभावित रहेको छ। कोरोनाभाइरस फैलिएदेखि हालसम्म संयुक्तराज्य अमेरिकामा मात्र २५ हजारभन्दा बढी नागरिकको ज्यान गइसकेको छ भने छ लाखभन्दा बढी मानिसमा कोरोनाको संक्रमण देखिएको छ ।

राष्ट्रपति ट्रम्पले कोरोनाभाइरससँग सम्बन्धित सूचना ढाकछोप गरेको समेतका विषयमा विश्व स्वास्थ्य संगठनमाथि नै अमेरिकी अधिकारीहरूले छानबिन गर्ने पनि बताए ।

पछिल्लो समयमा विश्व स्वास्थ्य संगठनसँग चीनको बढ्दो हिमचिमका बारेमा आलोचना हुन थालेको छ । विश्वभर नै संकट उत्पन्न गरेको कोरोनाभाइरसको महामारीबाट विश्वभर १ लाख २६ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने २० लाखभन्दा बढी मानिस संक्रमित भएका छन् ।

# आईपीएल क्रिकेट अनिश्चित




**काठमाडौं/एजेन्सी-** विश्वभर महामरीको रुप लिएको कोरोना भाइरस (कोभिड१९) को कारण आगामी संस्करणको इन्डियन प्रिमियर लिग (आईपीएल) अनिश्चित समय सम्मको लागि स्थगित भएको छ । आइपीएल दोस्रो पटक स्थगित भएको हो ।

आइपीएल चैत १६ देखि सुरु हुने प्रारम्भिक तालिका भनिए पनि कोरोना भाइरसको कारण भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले वैशाख ३ सम्म सारेको थियो । तर भारत सरकारले लकडाउन वैशाख २१ सम्म लम्बाएपछि आइपीएल अनिश्चित समयका लागि स्थगित भएको एएनआईले जनाएको छ । तर, बीसीसीआईले आधिकारीक सूचना भने सार्वजनिक गरेको छैन ।

एएनआईले बीसीसीआईलाई जनाउँदै अनिश्चित समय सम्मको लागि स्थगित भएको जनाएको छ । अव आइपीएल यो वर्ष हुने सम्भावना निकै न्युन छ । आइपीएल अव आगमी अक्टोबर-नोभेम्बरमा हुन सक्ने सम्भावना छ । अष्ट्रेलियामा अक्टोबर १८ देखि नोभेम्बर १५ सम्म टी २० विश्वकप हुँदैछ । उक्त विश्वकप स्थगित भएको खण्डमा आइपीएल अक्टोबर नोभेम्बरमा हुन सक्ने सम्भावना रहेको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

आइपीएल नभएको खण्डमा ५ हजार देखी ७ हजार करोड भारतीय रुपैयाँ घाटा हुन सक्ने बताइएको छ । बीसीसीआईका अध्यक्ष सौरभ गांगुलीले अहिले नै आईपीएलबारे केही भन्न नसकिने बताएका छन्। सबै तिर लकडाउन भइरहेकाले यस पटक आईपीएल भुल्नका लागि आग्रह गरे ।

# उत्तरपूर्वी नाइजेरियामा जातीय हिंसामा २५ जनाको मृत्यु



**अबुजा, एजेन्सी–** अफ्रिकी मुलुक नाइजेरियाको उत्तरपूर्वी प्रान्त ताराबामा भड्किएको जातीय हिंसामा परेर कम्तीमा २५ जनाको मृत्यु हुनुका साथै अरु धेरै जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ । प्रहरीका अनुसार गत सोमबार स्थानीय शोमो र जोली जातीय समूहका व्यक्तिहरूबीच भएको भिडन्तमा झण्डै १०० वटा घरमा क्षति पुगेको छ ।

ताराबाको लाउ नाम गरेको गाउँमा यी दुई प्रमुख जातिको बसोबास रहेको छ र उनीहरूको मुख्य पेशा माछा मार्ने हो । ताराबाका प्रहरी प्रवक्ता डेभिड मिसालले दुबै पक्षबीच भएको हिंसात्मक झडपका बारेमा अनुसन्धान थालिएको बताए । दुबै समुदायबीचको उक्त हिंसाको मुख्य कारण भने थाहा भइसकेको छैन ।

स्थानीयबासीका अनुसार दुई समुदायबीच माछा पोखरीको स्वामित्वका विषयमा लामो समयदेखि विवाद हुँदै आइरहेको छ। यही कारण बेलाबेला हुने झडपका कारण मानिसको मृत्यु हुने गरेको छ।

सन् १९९० को दशकमा राज्य सरकारले विवादित माछा पोखरीमा माछा मार्न दुबै समुदायमाथि प्रतिबन्ध लगाएको थियो । यो प्रतिबन्ध सन् १९९९ मा हटाइएको थियो तर त्यसयता दुबै समुदायबीच अझ बढी हिंसात्मक झडप हुन थालेका छन् । हिंसात्मक झडप भएको स्थानमा सशस्त्र प्रहरी खटाइएको छ ।

# डेनमार्कमा विद्यालयहरू खुल्न थाले




**कोपेनहेगन, एजेन्सी–** नयाँ कोरोनाभाइरसका कारण डेनमार्कमा एक महिनादेखि बन्द रहेका विद्यालयहरू बुधबारदेखि खुल्न थालेका छन् ।

युरोपमै विद्यालय खोल्ने डेनमार्क पहिलो देश हो । पहिलो चरणमा नर्सरी, शिशु कक्षा र प्राथमिक विद्यालयहरू शुरु भएका छन् । कोविड-१९ महामारीका कारण डेनमार्क सहित युरोपका धेरै देशमा मार्च १२ तारिखदेखि विद्यालयहरू बन्द भएका थिए ।

तर पहिलो चरणमा डेनमार्कका आधाभन्दा बढी नगरपालिकाहरू र कोपेनहेगनका करिब ३५ प्रतिशत शैक्षिक संस्थाहरूमात्र खुलेका छन् । अन्य स्थानमा भने स्थानीय स्वास्थ्य अवस्थालाई विचार गरी क्रमैसँग विद्यालयहरू खोलिने शिक्षा मन्त्रालयले जनाएको छ ।

# त्रासकाबीच दक्षिण कोरियामा संसदको चुनाव



**सियोल, एजेन्सी-** कोरोनाभाइरसको महामारीकै त्रासबीच दक्षिण कोरियामा बुधबार संसदको चुनाव भएको छ। मतदान केन्द्रहरूमा आम मतदाताहरू सामाजिक दूरी कायम गर्दै मास्क लगाएर उपस्थित भएका थिए ।

राष्ट्रपति मून जाए-इनका लागि मध्यावधि जनमतसंग्रहका रूपमा हेरिएको यस संसदीय चुनावलाई स्थगन गर्न दबाब दिइए पनि सरकारले चुनाव नसार्ने निर्णय गरेको थियो ।

कोरियाली मतदाताहरू विचारधारात्मक, पुस्तागत मान्यता तथा क्षेत्रीयताका आधारमा बाँडिएका भए पनि पछिल्लो चुनावी मतसर्वेक्षणले राष्ट्रपति मून र उनको उदारवादी पार्टीले स्पष्ट बहुमत हासिल गर्न सक्ने देखाएको छ। खासगरी, चीन, युरोप र उत्तर अमेरिकी मुलुकमा कोरोनाभाइरसले सर्वाधिक असर पारेको भए पनि कोरियाले अपनाएको कोरोना परीक्षण र क्वारेन्टिनको चुस्त शैलीले आम जनतामा विश्वास बढाएको पाइएको छ ।

"हामी अहिले कठिन मोडमा छौं, तर कोरोनाभाइरस र राजनीति दुई भिन्न कुरा हुन्," सियोलको मतदान केन्द्रमा भेटिएका ५७ वर्षीय ली कुमले बताउनुभयो । अर्की सियोल निवासी ४५ वर्षीया चुङ युन-योङले आफू मतदान केन्द्रमा लामो लाइनमा बस्नु नपरोस् भनेर बिहानै ६ बजे मतदान केन्द्रमा आइपुगेको बताउनुभयो ।

"म कोरोनाभाइरसबाट निकै चिन्तित छु," उनले भने। "अधिकारीहरूले मेरो शरीरको तापक्रम नापे र ग्लोब्स दिए । तर यहाँ मैले सोचेजति दिक्दारीलाग्दो अवस्था रहेनछ ।"

मतदान केन्द्रहरू रहेका सरकारी कार्यालयहरू र स्कुलहरूमा लामा लाइनहरू सर्पजस्ता देखिन्थे । यस चुनावमा ठूलो संख्यामा मानिसले मतदानमा भाग लिएको पाइएको छ।

सरकारी अधिकारीहरूले आफूखुशी एकान्तबास (क्वारेन्टिन) मा बसेका योग्य मतदाता र करिब १३ हजार कोरोना संक्रमित व्यक्तिहरूलाई चुनावअघि नै मोबाइलबाट मतदानमा सहभागी हुन सक्ने भन्दै सन्देश पठाएका थिए । ज्वरो नआएका वा श्वास प्रश्वासमा समस्या नदेखिएका व्यक्तिलाई साँझपख ५.२० बजेदेखि ७ बजेसम्म मतदान केन्द्रमा आएर मतदान गर्न सक्ने सूचना दिइएको छ । अन्य व्यक्तिका लागि भने ५ बजेपछि मतदान गर्न नपाउने व्यवस्था गरिएको छ ।

क्वारेन्टाइनमा रहेका मतदातालाई ट्राकिङ एप्सको सहयोगमा अनुगमन गर्ने वा अर्को व्यक्तिको साथमा मतदान केन्द्रसम्म ल्याउने व्यवस्था गरिएको छ । यस्ता मतदातालाई एकअर्कासँग २ मिटरको दूरीमा राखिने प्रबन्ध गरिएको चुनाव अधिकारीहरूले बताएका छन् । चुनावमा खटिने व्यक्तिहरूले सुरक्षात्मक पोशाक लगाउने तथा प्रत्येक मतदाताले मतदान गरिसकेपछि मतदान स्थललाई सफाई गर्ने योजना बनाइएको छ ।

अस्पतालमा उपचारारत व्यक्तिले भने हुलाक मार्फत मतदान गर्न पाउने छन् । करिब ४०० जना सामान्य बिरामी व्यक्तिले भने अस्थायी आश्रयबाटै बिहानै मतदान गरिसकेका छन् ।

दक्षिण कोरियामा १० हजार ५९० जनाभन्दा बढीमा कोरोनाभाइरसको संक्रमण देखिएको छ भने २२५ जनाको मृत्यु भएको छ । पछिल्ला साताहरूमा नयाँ संक्रमित व्यक्तिहरूको संख्या घट्न थालेको छ । तर निकै घनाबस्ती रहेको सियोलमा कोरोनाको संक्रमण फैलिने खतरा बढेको अधिकारीहरूले बताएका छन् ।

दक्षिण कोरियाको ३०० सदस्यीय संसदको प्रत्येक चार वर्षमा चुनाव हुने गर्दछ । संसदका २५३ जना विभिन्न जिल्लाबाट प्रत्यक्ष निर्वाचित हुन्छन् भने बाँकी ४७ स्थान समानुपातिक प्रतिनिधित्व हुने गर्दछ ।

# सबैभन्दा ठूलो कोरोना अस्पताल बन्द



**वुहान, एजेन्सी-**कोरोना भाइरसको संकटबाट बाहिर निस्कदै गरेको चीनको वुहानमा बनाइएको सबैभन्दा ठूलो अस्थाई कोरोना अस्पताल बन्द गरेको छ । गत फेब्रुअरीदेखि कोरोना भाइरसको संक्रमण रोकिएपछि बुधबारबाट अस्थायी अस्पताल बन्द गरिएको हो। सो अस्पतालमा तैनाथ गरिएका हजारौं चिकित्साकर्मीको अन्तिम समूह बिदा भएको छ ।

कोरोना भाइरसको संक्रमणको सुरुआतमा महामारीको केन्द्र बनेको वुहान सहरमा रोगीको उपचारका लागि अस्पताल बनाइएको थियो । सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार मध्य चीनको हुबेई प्रान्तको राजधानी वुहानमा अस्पताल निर्माण गरिएको थियो ।

वुहानमा कोभिड-१९ का रोगीको उपचारका लागि १० दिनमा १ हजार भन्दा बढी शैय्या क्षमताका दुई अस्पताल बनाइएको थियो । यो अस्पताल ती दुईमध्ये एक हो । यी दुई अस्पतालका अलावा चीनले कोभिड-१९ का रोगीलाई अलग राख्न तथा उनीहरुको उपचारका लागि १४ अतिरिक्त अस्थायी स्वास्थ्य केन्द्र बनाएको थियो । यी सबै अस्पताल अहिले बन्द गरिएको छ ।

सरकारी पत्रिका चाइना डेलीले कोरोना भाइरस नियन्त्रणका लागि पठाइएका सयौं स्वास्थ्यकर्मीहरुको अन्तिम टोली वुहानबाट फर्किएको छ ।

चीनको वुहानमा कोरोना भाइरस संक्रमण फैलिएपछि त्यसको उपचारका लागि ४२ हजार भन्दा बढी स्वास्थ्यकर्मी परिचालन गरिएको थियो । सरकारले यसअघि वुहानमा लगाएको लकडाउन ८ अप्रिलमा समाप्त गरेको थियो ।

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# स्थानीय तहले पनि राहतका लागि खाद्यान्न लगेका छन् : सीईओ श्रेष्ठ

मध्यान्ह संवाददाता
काठमाडौं, ०३ बैशाख

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले स्थानीय तहहरुलाई पनि खाद्यान्न दिदै आएको बताइएको छ। कर्पोरेशनकी प्रमुख कार्यकारी अधिकृत (सीईओ) उर्मिला श्रेष्ठले संचारकर्मीहरुसँग कुरा गर्दै स्थानीय तहले पनि राहतका लागि खाद्यान्न लगेका जानकारी दिएकी हुन्। 'ललितपुर महानगरपालिकाका २९ वटै वडा, किर्तिपुरका सम्पूर्ण वडा, काठमाडौं महानगरपालिकाका अधिकांश वडाहरुका लागि यहाँबाट पनि सामान उठाएको छ,' सीईओ श्रेष्ठले भनिन्, 'बुढानिलकण्ठ र चन्द्रागिरीबाट पनि बुझ्न आउनु भएको छ। गत बिहीबार र शुक्रबार यहाँ (कालिमाटी) त निकै भीड भएको महशुश भयो। राहतका लागि भनेर आउने मोटरहरुको लाम पनि निकै लामो थियो।'

त्यस्तै बिक्री कार्यलाई व्यवस्थित तुल्याउने हेतुले साल्ट ट्रेडिङले उपत्यकास्थित पाँच स्थानमा बिक्री कक्ष संचालन गरिरहेको, उपत्यकामा ३ वटा मोबाइल भ्यान परिचालन गरिएको, चितवनमा खुद्रा पसल सञ्चालन भइरहेको जानकारी दिँदै सीईओ श्रेष्ठले भनिन्, देशैभर जति पनि हाम्रा कार्यालय र डिपोहरु छन्, सो स्थानहरुमध्ये सम्पूर्ण स्थानबाट सर्वसाधारण समेतलाई नुन बिक्री गर्दै आएका छौं भने सम्भव रहेका स्थानमा चिनी पनि बिक्री गर्दै आएका छौं। साथै कैलालीको धनगढीमा चाहि नगरपालिका स्वयले मोटरको व्यवस्था मिलाएकाले घुम्ती सेवामार्फत पनि खाद्यान्न



बिक्री गर्न थालिएको छ।'

लकडाउन लम्बिदै जाँदा नुन र चिनीको अभाव हुन्छ कि भनेर चिन्ता गर्नुपर्ने अवस्था नरहेको प्रस्ट पार्दै प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले भनिन् 'हामीले नौ देखी दश महिनासम्मलाई पुग्ने नुनको मौज्दात राखेका छौं। चिनीको हकमा राहतका लागि एकै चोटी बढि परिमाणमा ल्याउनु आवश्यक छ। तसर्थ अहिलेको परिस्थितिलाई हेर्दा घरायसी प्रयोजनका लागि करिब एक डेढ महिनालाई पुग्ने मौज्दात हामीसँग छ, त्यस बाहेक अघिपछि पनि हाम्रो नियमित स्टलसम्म आउनु हुने हाम्रा नियमित ग्राहक र सबै त होईन अन्य सिमित महानुभावको माग धान्ने गरि अझ भनौ एक डेढ महिनासम्मका लागि चामल, तेल, गेडागुडी, चियापत्ती आदी वस्तुहरु हामी दिन सक्छौ। साथै ग्यासको पनि समस्या छैन।'

आयातमा अवरोध नभएका कारण सामान आउने क्रम पनि जारी रहेको र त्यस्तो अप्ठयारो नपर्ने बुझाई रहेको स्पष्ट पार्दै सीईओ श्रेष्ठले अगाडि भनिन्,' तर मजदुर अभावका कारण लोड अनलोडमा आँशिक समस्या देखिकाले केही खाद्यान्नहरु आउन केहि समय ढिला हुने गरेको छ, यद्यपि यो पनि सामान्य अवस्था नै हो।' श्रेष्ठले नुन र चिनीको बजार माग अत्याधिक रहेको जानकारी दिदै नुनको खुद्रा मुल्य प्रति केजी २० रुपैया र चिनी प्रति केजी ७३ रुपैया रहेको पनि स्पस्ट पारिन्।

प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले हालको जटिल परिस्थितिको गाम्भिर्यतालाई मनन गर्दै अत्यावश्यक सामग्री खरिदका क्रममा सामाजिक दुरी कायम राख्न आम उपभोक्ता वर्गमा आग्रह गर्दै आफूलाई आवश्यक पर्ने अत्यावश्यक सामग्रीको लागि कर्पोरेशनलाई खबर गरेको अवस्थामा घर टोलसम्म सामग्री पुर्याउने जिम्मेवारी साल्ट ट्रेडिङले पुरा गर्ने समेत बताइन्।

त्यसैगरी, कर्पोरेशनका विभागीय प्रबन्धक पंकज जोशीले मोबाइल भ्यानमार्फत प्रवाह हुँदै आएको सेवा बारे जानकारी भने दैनिक ३ वटा मोबाइल भ्यानमार्फत उपत्यकास्थित नौ दश स्थानसम्म पुगी कर्पोरेशनले खाद्यान्न बिक्री गर्दै आएको र हालसम्म भित्री शहरी बस्ती क्षेत्रदेखि काठ क्षेत्रसम्म गरि करिब एक सय साठी भन्दा बंढि टोल छिमेकसम्म पुगिसकेको बताए। यो निरन्तर जारी रहने र मोबाइल भ्यानमार्फत नुन, चिनी, आटा, मैदा, चामल, सेनिटाईजर लगायतका अत्यावश्यकीय सामाग्रीहरु बिक्री गरेको छौ, साथै, केही दिन यताबाट इन्डक्सन चुलो पनि बिक्री गर्न थालिएको समेत प्रवन्धक जोशीले जानकारी दिए। 'बजार माग र पकेट क्षेत्रको आधारमा स्थान छनौट गर्ने गरिएको छ' उनले भने। साथै, कर्पोरेशनबाट स्थानीय तह बाहेक पनि चेम्बर अफ कमर्श, उद्योग वाणिज्य संघ र अन्य संघ संस्थाहरुले राहतका लागि भनेर खाद्य सामग्री लगेको जानकारी जोशीले दिए।

प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले हालको जटिल परिस्थितिको गाम्भिर्यतालाई मनन गर्दै अत्यावश्यक सामग्री खरिदका क्रममा सामाजिक दुरी कायम राख्न आम उपभोक्ता वर्गमा आग्रह गर्दै आफूलाई आवश्यक पर्ने अत्यावश्यक सामग्रीको लागि कर्पोरेशनलाई खबर गरेको अवस्थामा घर टोलसम्म सामग्री पुर्याउने जिम्मेवारी साल्ट ट्रेडिङले पुरा गर्ने समेत बताइन्।

# वायु सेवा निगमको कार्यकारी अध्यक्षमा घिमिरे नियुक्त

मध्यान्ह संवाददाता
काठमाडौं, ३ बैशाख



सरकारले नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्षमा पूर्वसचिव सुशील घिमिरेलाई नियुक्त गरेको छ। मन्त्रिपरिषद्को मङ्गलबार बसेको बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पूर्वसचिव घिमिरेलाई निगमका अध्यक्षमा नियुक्त गरेको हो।

तत्कालीन कार्यकारी अध्यक्ष मदन खरेलले राजीनामा दिएपछि तीन महिनादेखि निगमको कार्यकारी अध्यक्ष पद रिक्त थियो। नवनियुक्त घिमिरे यसअघि पनि पर्यटन सचिवको जिम्मेवारीमा रहँदा निगम सञ्चालक समिति अध्यक्ष थिए।

पर्यटनमन्त्री योगेशकुमार भट्टराईले नेतृत्व सम्हालेपछि निगमको व्यवस्थापन सुधारका लागि पूर्वसचिव घिमिरेकै नेतृत्वमा गत साउन २२ गते पाँच सदस्यीय निगम सुधार कार्यदल गठन गरेका थिए। उक्त कार्यदलले असोज १ गते निगम सुधारका लागि विस्तृत प्रतिवेदन मन्त्रालयलाई बुझाइसकेको छ। कार्यदलको प्रतिवेदनमा निगम सुधारका लागि रणनीतिक साझेदार भित्र्याउनेदेखि निगमलाई पब्लिक कम्पनीमा लैजान र सर्वसाधारणदेखि विभिन्न संस्था, निकायलाई पनि शेयर जारी गर्न सुझाएको थियो। त्यस्तै लेखा प्रणाली र वित्तीय पुनः संरचना सुधार, रणनीतिक साझेदार तुरुन्तै ल्याउन, गन्तव्य विस्तारलगायत १३ वटा तत्कालीन रणनीतिको सुझाव दिएको थियो।

घिमिरेले यसअघि सञ्चार मन्त्रालयमा रहँदा नेपालको दूरसञ्चार प्राधिकरणलाई निजी क्षेत्रमा लैजान पनि भूमिका निर्वाह गरेका थिए।

# ग्रामिण दूरसंचार विकास कोषको रकम सरकारी खातामा लैजाने निर्णय




**काठमाडौं/मस**-नेपाल दूरसंचार प्राधिकरणको ग्रामिण दूरसंचार विकास कोष (आरटीडीएफ)मा भएको रकम सरकारले लिने भएको छ। मंगलबार बसेको मन्त्रिपरिषद बैठकले कोषमा भएको २५ अर्ब रुपैयाँमध्ये १६ अर्ब रुपैयाँ सरकारका राजस्वमा दाखीला गर्ने निर्णय गरेको हो। नेपाल दूरसंचार प्राधिकरणले ग्रामिण भेगमा ईन्टरनेटको पहुँच पुर्याउनका लाीग उक्त कोष खडा गरिएको थियो।

कोषमा दूरसंचार सेवाप्रदायकले प्रत्येक बर्ष आफ्नो नाफाको २ प्रतिशत रकम कोषमा जम्मा गर्ने गरेका छन। उक्त कोषमार्फत मध्येपहाडी लोकमार्गमा अप्टिकल फाईबर विछ्याउने, आटी ल्याव स्थापना गर्नेलगायतका परियोजनाहरु अघि बढेका छन्।

सरकारको खातामा कोषको १६ अर्ब रुपैयाँ बुधबार जम्मा गरेको स्रोतको भनाई छ। सरकारको राजस्व उठौतिमा खुम्चन आएपछि अर्थमन्त्रालयले सुचना तथा संचार प्रविधि मन्त्रालयमार्फत उक्त रकम माग गरेको थियो। मन्त्रिपरीषद बैठकले उक्त निर्णय गरेपछि कोषको रकम सरकारी खातामा ल्याउन बाटो खुलेको हो।

# बुद्धबजारलाई दुई लाख जरिवाना




**काठमाडौं/मस**- तोकिएभन्दा बढी मूल्य लिई उपभोग्य सामग्री बिक्री गरेको पाइएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले राजधानीको स्वयम्भूस्थित बुद्ध बजार प्रालिलाई कारबाही गरेको छ। नियमित अनुगमनका क्रममा सो प्रालिले उपभोग्य सामान एमआरपीभन्दा बढी मूल्यमा बिक्री गरेको पाइएकाले उपभोक्ता संरक्षण ऐनअनुसार तत्कालै रु दुई लाख जरिवाना गरिएको विभागले जनाएको छ। विभागले लकडाउनका समयमा उपभोक्ता ठगिने सम्भावना उच्च रहेको भन्दै अनुगमनलाई तीव्रता दिँदै आएको छ।

# सिटिजन लाइफद्वारा राहत कोषमा साढे ७ लाख सहयोग

Citizen Life Insurance

**काठमाडौं/मस**-अहिलेको यस विषम परिसिथतिमा सहयोगको पाइला अघि बढाउँदै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले कोरोना रोकथाम तथा नियन्त्रणका लागि कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषमा रु ७ लाख ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ। कम्पनीसंगको समन्वयमा कम्पनीको शाखा कार्यलयहरुले स्थानिय निकायसंग सहकार्य गरि महामारी सचेतना तथा रोकथामको लागी अत्यावस्यक सहयोग गरेको हो।

विश्वभर फैलिएको महामारीले अहिलेसम्म १ लाख २६ हजार भन्दा बढी मानिसहरुको ज्यान लिएको छ। यस महामारीलाई नेपालमा फैलिन नदिनको लागि स्थानीय निकाय र नेपाल सरकारले निरन्तररुपमा प्रयास गरिरहेको यस समयमा सिटिजन लाइफ इन्स्योरेन्सद्वारा उपलब्ध गराइएको आर्थिक सहयोगले केहि हदसम्म भए पनि मद्दत पुऱ्याउँने आशा गरिएको छ।

# ५ र १० रुपैयाँको नयाँ नोट छापिदै




**काठमाडौं/मस**-नेपाल राष्ट्र बैंकले ५ र १० रुपैयाँको नोट बजारमा ल्याउने भएको छ। राष्ट्र बैंकले नयाँ नोट छाप्ने जिम्मा चिनिया कम्पनीलाई दिएको छ। राष्ट बैंकले नोट छाप्न बोलपत्र आह्वान गरेकोमा त्यसको टेण्डर चिनियाँ कम्पनीले हात पारेको हो। यो जिम्मेवारी चाइना प्रिन्टिङ एण्ड मिन्टिङ कर्पोरेसनले पाएको हो। अव सो कम्पनीले १० रुपैयाँ दरको ३४ करोड थान र ५ रुपैयाँदरको ३० करोड थान नोट छाप्नेछ। मुद्रा व्यवस्थापन विभागले १० रुपैयाँदरको नोट ४१ लाख ४० हजार ४ सय डलरमा खरिद सम्झौता गरेको हो। यता ५ रुपैयाँ दरको नोट ४३ लाख ९७ हजार ५ सय डलरमा खरिद सम्झौता भएको मुद्रा व्यवस्थापन विभागले जनाएको छ।

# नगरपालिकाले विद्युत् महसुल तिरिदिने

**काठमाडौं/मस**-सरकारले गरेको लक डाउनका कारण समस्यामा परेका आफ्ना नागरिकको घरको मिटरको विद्युत् महसुल कर्जन्हा नगरपालिकाले तिर्ने निर्णय गरेको छ। नगरपालिका कार्यपालिकाको बैठकले कोभिड-१९ को सङ्क्रमण फैलन नदिन गरिएको लकडाउनका कारण मारमा परेका नागरिकले दुई महिनामा उपभोग गर्ने घर मिटरको विद्युत् महसुल नगरपालिकाले तिर्ने निर्णय गरेको हो।

यस्तै बैठकले स्वास्थ्यकर्मी तथा कर्मचारीहरू नियमित रूपमा काम गर्नका लागि रु २० लाखको स्वास्थ्य बीमा गर्ने निर्णयसमेत गरेको नगरप्रमुख गङ्गा पासवानले जानकारी दिए। त्यस्तै नगरपालिकाले विभिन्न वडाका अति विपन्न, दलित दुई हजार परिवारलाई परिवार सङ्ख्याको अनुपातमा चार जनासम्मको परिवारलाई प्रतिपरिवार २० किलो चामल, तीन किलो आलु, दुई किलो दाल, एक लिटर तेल र आधा केजी स्वाबिन तथा चार जनाभन्दा बढी परिवार सङ्ख्या भएका परिवारलाई प्रतिपरिवार त्यसको दोब्बरका दर राहत बितरण गरिएको नगरप्रमुख पासवानले बताए।

# कियाले वारेन्टी सुविधा लिने अवधि थप्यो




**काठमाडौं/मस**-कोरियाली अटो निर्माता कियाले कोभिड-१९ का कारण वारेन्टी सुविधाअन्तर्गत गाडी मर्मत गराउन नपाएका ग्राहकलाई लक्षीत गरी किया प्रोमिस नामको योजना ल्याएको छ। उक्त योजना अन्तर्गत कम्पनीले सन् २०२० को फेब्रुअरीदेखि अप्रिलसम्मा वारेन्टी अवधि सकिएका ग्राहकलाई वारेन्टी अन्तर्गत नै गाडी मर्मत गर्ने सुविधा दिन लागेको नेपालका लागि कियाको अधिकृत वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजले जानकारी दिएको हो।

कोभिड-१९ रोग निम्त्याउने नोवेल कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि लकडाउन सुरु गरिएसँगै संसारका अधिकांश मुलुकका व्यावसायिक प्रतिष्ठानहरु बन्द छन्। लकडाउन र अत्यावश्यकबाहेकको आवागमनमा प्रतिबन्धका कारण कियाका सोरुम र सर्भिस सेन्टरहरु पनि बन्द छन्। सोरुमहरु खुला रहेको ठाउँमा पनि ग्राहकहरु सोरुमसम्म पुग्न नसक्दा वारेन्टी सुविधा अन्तर्गत गाडी मर्मत गराउनबाट वञ्चित छन्।

तिनै ग्राहकलाई वारेन्टी सुविधा दिन कम्पनीले किया प्रोमिस कार्यक्रम सार्वजनिक गरेको हो। यसले ग्राहकलाई आगामी जुनसम्ममा वारेन्टी अन्तर्गत गाडी मर्मत गराउने सुविधा दिने कम्पनीले जनाएको छ।

उल्लेखित अवधिमा किया सोरुम र सर्भिस सेन्टर पुग्न नपाएका अथवा सर्भिस सेन्टर बन्द भएका कारण सुविधा लिन नपाएका ग्राहकहरुमा मात्र यो अफर लागू हुने कम्पनीको भनाइ छ। 'यस्ता ग्राहकले आगामी जुनभित्र किया डिलरमा गएर मर्मतका लागि आग्रह गरिसक्नुपर्नेछ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैङ्कमा "कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनु हुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**बैङ्कको नाम:** राष्ट्रिय बाणिज्य बैङ्क
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.:** १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**